नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, साउन २४ गते २०४१ साल (अतिरिक्ताङ्क २३ (ग)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४१ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

केही नेपाल ऐनहरूलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः केही नेपाल ऐनहरूलाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. औद्योगिक व्यवसाय ऐन, २०३८ मा संशोधन : औद्योगिक व्यवसाय ऐन, २०३८को–

(१) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–

"३. उद्योग स्थापना गर्न अनुमति लिनु पर्ने : (१) यस ऐन अन्तर्गत कुनै पनि उद्योग स्थापना गर्न चाहने व्यक्तिले सम्बन्धित विभागबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योगहरू स्थापना गर्न अनुमति लिनु पर्नेछैन :–

(क) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुमति लिनु पर्ने गरी तोकेको घरेलु उद्योगबाहेक अन्य घरेलु उद्योगहरू,

(ख) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुमति लिनु नपर्ने गरी तोकेका साना उद्योगहरू ।"

(२) दफा १० को–

(क) शुरूमा "आय कर, बिक्री कर, भन्सार र अन्तःशुल्कसम्बन्धी ऐनहरू तथा अन्य" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) खण्ड (ख) को उपखण्ड (३) मा रहेको "पब्लिक" भन्ने शब्द झिकिएको छ ।

(ग) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छः–

"(ठ) कुनै उद्योगलाई माथि खण्डहरूमा उल्लेख गरिएभन्दा बढी सुविधा, सहूलियत तथा संरक्षण दिने गरी कुनै प्रचलित कानूनमा व्यवस्था गरिएको रहेछ भने यस दफामा लेखिएको कुनै कुराले त्यस्तो सुविधा, सहूलियत तथा संरक्षणमा प्रतिकूल असर पारेको मानिनेछैन ।"

(३) दफा १४ को–

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापित कुनै उद्योगले तत्काल प्रचलित औद्योगिक व्यवसाय ऐन, २०३० बमोजिम कुनै सुविधा, सहूलियत तथा संरक्षण प्राप्त गरिरहेको वा पाउने भए त्यस्तो उद्योगले सोही ऐनबमोजिम सुविधा, सहूलियत तथा संरक्षण उपभोग गर्न पाउनेछ ।

तर अवधि नकिटिएका सुविधाका हकमा यसै ऐनमा लेखिएबमोजिम हुनेछ ।"

(ख) उपदफा (२) को सट्टा देहायको उप दफा (२) राखिएको छः–

"(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित औद्योगिक व्यवसाय ऐन, २०३० अन्तर्गत अनुमति प्राप्त गरेका वा सो ऐन अन्तर्गत अनुमति लिनु नपर्ने कुनै उद्योगले अनुमतिपत्रमा अवधि तोकिएको भए सो अवधिभित्र र अवधि नतोकिएको वा अनुमति लिनु नपर्ने भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र उत्पादन शुरू गरेमा त्यस्तो उद्योगले उपदफा (३) अनुसार यो ऐनबमोजिमको सुविधा, सहूलियत तथा संरक्षण पाउन नसक्ने भएमा तत्काल प्रचलित औद्योगिक व्यवसाय ऐन, २०३० बमोजिम कुनै सुविधा, सहूलियत तथा संरक्षण पाउने रहेछ भने सो उद्योगले सोही ऐन बमोजिम सुविधा, सहूलियत तथा संरक्षण पाउनेछ ।"

३. बिक्री कर ऐन, २०२३ मा संशोधनः बिक्री कर ऐन, २०२३ को दफा २९ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर औद्योगिक व्यवसाय ऐन, २०३८ अनुसार हुने जति कुरामा सोही ऐन-बमोजिम हुनेछ ।"

४. भन्सार ऐन, २०१९ मा संशोधन : भन्सार ऐन, २०१९ को दफा ४५ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर औद्योगिक व्यवसाय ऐन, २०३८ अनुसार हुने जति कुरामा सोही ऐन-बमोजिम हुनेछ ।"

५. अन्तःशुल्क ऐन, २०१५ मा संशोधन : अन्तःशुल्क ऐन, २०१५ को दफा १७ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर औद्योगिक व्यवसाय ऐन, २०३८ अनुसार हुने जति कुरामा सोही ऐनबमोजिम हुनेछ ।"

६. केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०४० निष्क्रिय भएपछि त्यसको परिणाम : केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०४० निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउनेछैन ।

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्नेछैन ।

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्नेछैन ।

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्नेछैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्नेछैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४१।४।२४।४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।